श्री

विशेष अदालत काठमाडौं

इजलास १

अध्यक्ष माननीय श्री सुदर्शनदेव भट्ट

सदस्य माननीय श्री हेमन्त रावल

सदस्य माननीय श्री उमेश कोइराला

आदेश

मुद्दा नं. ०८२-CR-०१०३

निवेदन नं. ०८२-OA-०७८१

नेपाल सरकार..........................................................................................................वादी

विरुद्ध

झलकराम अधिकारी..................................................................................................प्रतिवादी

मुद्दाः- घुस रिसवत र सम्पत्ति शुद्धिकरण

यसमा बयानका लागि निवेदनसाथ उपस्थित भएका प्रतिवादी झलकराम अधिकारीको बयान कार्य सम्पन्न भई थुनछेक आदेश प्रयोजनार्थ पेस भएको प्रस्तुत मुद्दामा प्रतिवादीले गरेको बयानसहित मिसिल संलग्न कागजात अध्ययन गरियो। वादी नेपाल सरकारको तर्फबाट बहसका लागि उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान् उप न्यायाधिवक्ता श्री विनोदलाल श्रेष्ठ तथा प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री अपुर्व खतिवडा र श्री योगेश्वर भण्डारीले गर्नुभएको बहससमेत सुनियो।

प्रतिवादी झलकराम अधिकारीले राजस्व अनुसन्धान विभागको महानिर्देशकको आफ्नो ओहदा सम्बन्धी राजस्व चुहावट नियन्त्रण, अनुसन्धान तथा कारवाही गर्ने अख्तियारीलाई दुरुपयोग गरी राजश्व चुहावटका विषयमा अनुसन्धान कारवाही नगर्ने नगराई दिने लगायतका काम वापत गैरकानूनी लाभ लिने मनसाय राखि अन्य प्रतिवादीहरूसँग मिलेमतो गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको हुँदा निज प्रतिवादी झलक राम अधिकारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.७०,००,०००/-(अक्षरेपी सत्तरी लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहायं (च) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम घुस रिसवत वापत भ्रष्टाचार गरी आर्जन गरेको प्रतिवादी झलक राम अधिकारी सँगको मिलेमतो तथा मतसल्लाहमा निज प्रतिवादी रविन्द्र

लामिछानेले आफ्नो नाममा उक्त घुस रिसवत रकम रु.५०,००,०००।—(अक्षरेपी पचास लाख) लगानी गरी खरिद गरेको जिल्ला भक्तपुर, मध्यपुर थिमी नगरपालिका साविक वडा नं.१७ हाल वडा नं.२ स्थित दिव्यश्वरी आयोजना भित्रको कि.नं. ९९८ क्षेत्रफल १६४.१४ व.मि (०-५-०-२.५९) को जग्गा र प्रतिवादी झलक राम अधिकारी सँगको मिलेमतो तथा मतसल्लाहमा निज प्रतिवादी देवेन्द्र के.सी ले उक्त घुस रिसवत वापतको रकम रु.२०,००,०००।—(अक्षरेपी बीस लाख) कर्जा भुक्तानीसमेतमा लगानी गरेको बराबरको रकम जफत/असुल गरिपाऊँ। साथै, निज प्रतिवादी झलक राम अधिकारीले राजस्व अनुसन्धान विभागको महानिर्देशक भई कार्य गरेको देखिएको र निजले भ्रष्टाचार निवारण ऐन,२०५९ को परिच्छेद-२ (भ्रष्टाचार कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लिखित मागदावी बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय गरिपाऊँ। साथै, निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूरजन्य कार्य घुस/रिसवतबापत प्राप्त गरेको रकमको स्रोत लुकाउने कलुषित मनसाय राखी उक्त कसूरजन्य कार्यको सजाय छल्न सकिन्छ भन्ने मनसायका साथ त्यसरी प्राप्त गरेको सम्पत्तिको प्राप्तिको स्रोत तथा अधिकार बदल्न, स्वामित्व र स्वरुप परिवर्तन गर्न प्रतिवादी झलक राम अधिकारीले प्रतिवादीहरु रविन्द्र लामिछाने, देवेन्द्र के.सी समेतसँगको मिलेमतोमा प्रतिवादी देवेन्द्र के.सी समेत संचालक रहेको द कुटी रिसोर्ट प्रा. लि को नाममा रहेको कर्जा भुक्तानी/लगानी र प्रतिवादी रविन्द्र लामिछानेको नाममा जग्गा खरिद गरे गराएको स-प्रमाण पुष्टी भएको देखिँदा निज प्रतिवादी झलक राम अधिकारीको उक्त कार्य सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिम तथा दफा ३ को उपदफा (३) ले परिभाषित कसूर भएको हुँदा निज प्रतिवादी झलक राम अधिकारीलाई बिगो रु.७०,००,०००।—(अक्षरेपि सत्तरी लाख) कायम गरी सोही ऐनको दफा ३० को उपदफा (१) बमोजिम सजाय हुन र प्रतिवादी झलक राम अधिकारी राष्ट्रसेवक कर्मचारी भएको हुँदा सोही ऐनको दफा ३० को उपदफा (७) बमोजिम थप सजाय हुन, साथै सोही ऐनको दफा ३४ को उपदफा (१) बमोजिम रु.५०,००,०००।—(अक्षरेपी पचास लाख) लगानी गरी खरिद गरेको जिल्ला भक्तपुर, मध्यपुर थिमी नगरपालिका साविक वडा नं.१७ हाल वडा नं.२ स्थित दिव्यश्वरी आयोजना भित्रको कि.नं. ९९८ क्षेत्रफल १६४.१४ व.मि (०-५-०-२.५९) को जग्गा र रु.२०,००,०००।—(अक्षरेपी बीस लाख) कर्जा भुक्तानीसमेतमा लगानी गरेको बराबरको रकम जफत/असुल गरिपाऊँ भन्ने बेहोराको आरोपदाबी रहेको देखिन्छ।

यी प्रतिवादीले अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष एवं आज यस अदालतमा उपस्थित भई बयान गर्दा, आफूले आरोपदावी बमोजिमको कसुरजन्य कार्य गरे गराएको छैन। मलाई शंका र अनुमानको भरमा आरोप लगाईएको हो। आरोप पत्रमा उल्लेखित व्यक्तिहरुसँग मेरो कुनै कारोबार लेनदेन नभएको अवस्था हुँदा आरोपदावी बमोजिम सजाय हुने नभई आरोप दावीबाट छुट्कारा दिलाई पाऊँ भनी आरोपदावीमा इन्कार रही वयान गरेको देखिन्छ।

उपर्युक्त परिप्रेक्ष्यमा यी प्रतिवादीका हकमा निजलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने हो? वा धरौटी लिई वा साधारण तारिखमा राखी पुर्पक्ष गर्नुपर्ने के हो? भन्ने सम्बन्धमा आदेश गर्नुपर्ने देखियो। सोतर्फ विचार गर्दा, उजुरी, राजस्व अनुसन्धान विभागबाट प्राप्त कागजातहरु, लक्ष्मी सनराईज बैंक लिमिटेड, नबिल बैंक लिमिटेड, ग्लोबल आइएमई बैंक लिमिटेड, लुम्बिनी विकास बैंक लिमिटेड, एनएमबी बैंक लिमिटेड, एभरेष्ट बैंक लिमिटेडसमेतका विभिन्न बैङ्कहरुबाट प्राप्त बैंक स्टेटमेन्ट लगायतको कागजात सहितको विवरणहरु, नेपाल क्लियरिङ हाउस लिमिटेडबाट प्राप्त विवरण, कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त कम्पनीहरुको विवरण, भूमि सुधार तथा मालपोत कार्यालय भक्तपुरबाट प्राप्त जग्गाधनी कागजात सहीतको विवरणहरु, द कुटि रिसोर्ट प्रा.लि. बाट प्राप्त विवरण, डिजिटल फरेन्सिक युनिटबाट प्राप्त परीक्षण प्रतिवेदन, इन्टेलिजेन्स यूनिटबाट प्राप्त Call Details Record (CDR) लगायतका मिसिल संलग्न प्रमाण र यी प्रतिवादीको पदीय हैसियत, भूमीका तथा जिम्मेवारी समेतका आधार तथा यी प्रतिवादी उपर अन्य प्रतिवादीबाट घुस रिसवत वापत प्राप्त गरेको अवैध रकम शुद्धीकरण गर्ने गराउने दुरासयले अन्य प्रतिवादीसँग मिली जग्गामा लगानी गरी सम्पत्ति शुद्धीकरण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिमको कसूर अपराधमा सोही ऐनको दफा ३० को उपदफा (१) बमोजिमको सजाय समेत माग गरेको अवस्था र मिसिल संलग्न अन्य प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको बयान समेतका मिसिल संलग्न प्रमाणबाट यी प्रतिवादीको हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड (घ) को अवस्था विद्यमान रहेको देखियो।

तसर्थ, पछि प्रमाण परीक्षण गर्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल यी प्रतिवादीले जग्गामा लगानी गरिएको भनिएको आरोपपत्रमा उल्लेखित कि. नं. ९९८ को जग्गा अनुसन्धानको क्रममा रोक्कानै रहेको देखिँदा यी प्रतिवादी झलकराम अधिकारीबाट रु.२५,००,०००।- (पच्चिसलाख रुपैयाँ) नगद धरौटी वा सो बराबरको बैंक जमानत लिई निजलाई तारिखमा राखी प्रस्तुत मुद्दा पुर्पक्ष गर्नू। उल्लिखित माग गरिएको धरौटी रकम वा जमानत नदिएमा विशेष अदालत नियमावली, २०८० को नियम ३० को उपनियम (२) बमोजिम निज प्रतिवादीलाई थुनूवा पूर्जी दिई थुनामा राख्न सम्बन्धित कारागार कार्यालयमा पठाइदिनू।

सदस्य सदस्य अध्यक्ष

<u>आदेश सुनी सहीछाप गर्ने प्रतिवादीः-</u>

प्रतिवादी झलकराम अधिकारी

इति सम्वत् २०८२ साल चैत्र १० गते रोज ३ शुभम् ..........................................................।